Date
Page

# अक्षर संरचना

⇒ फोक्सोबाट निस्किएको श्वासको एक झोक्काबाट बराबर उच्चारित हुने वर्ण वा वर्णहरूको समूहलाई अक्षर भनिन्छ।

⇒ अक्षर वर्णभन्दा ठूलो र शब्दभन्दा सानो हुन्छ।

⇒ भात मामा

## अक्षर पहिचानका आधारहरू :

नियम १ :

> अक्षर संरचना छुट्याउँदा, लेखनलाई नभई उच्चारणलाई आधार बनाउनु पर्छ।

| शब्द/लेखन | उच्चारण | अक्षर संरचना | अक्षर संख्या |
|---|---|---|---|
| भात | भात् | भ्आत् | १ |
| मामा | मामा | म्आ : म्आ | २ |
| कलम | कलम् | क्अ : ल्अम् | २ |
| कन्या | कन्न्या | क्अन् : न्य्आ | २ |

Scanned with CamScanner

नियम २ :

> अक्षर संरचनामा लैजादा जस्तो उच्चारण गरिन्छ, त्यस्तै लेखनमा पनि लेख्नुपर्ने हुन्छ।

नियम ३ :

> खुट्टा नकाटिने वर्णको खुट्टा काटिने गरि उच्चारण भएमा हलन्त नै लेख्नुपर्छ।

नियम ४ :

> मूल शब्दमा अन्तिममा आएको उकार / इकार सबै ह्रस्व लेख्नु पर्दछ।

नियम ५ :

> शब्दमा आएका श, ष वर्णलाई उच्चारण गर्दा 'स' नै हुने भए।

नियम ६ :

> स्वर वर्णको 'ऋ' को उच्चारण 'र' मा इकार दिएर 'री' 'रि' नै लेख्नुपर्छ।

Scanned with CamScanner

Date
Page

नियम ७:

> 'व' वर्णको उच्चारण 'ब' भएमा 'ब' नै लेखिन्छ भने व उच्चारण भए व नै लेखिन्छ।

नियम ८:

> उच्चारण गर्दा कुनै शब्दमा 'थ' वर्ण आएमा त्यसलाई दोहोऱ्याएर लेख्नुपर्छ।

नियम ९:

> ं ँ ः को ठाउँमा म, ङ, न आउँछ।

नियम १०:

> उच्चारण गर्दा कुनै थप वर्ण आएमा त्यसलाई दोहोऱ्याएर लेख्नु पर्छ।

Scanned with CamScanner

# वर्ण विन्यास

⇒ वर्णहरूको व्यवस्थित वा नियमबद्ध रुताइलाई वर्ण विन्यास भनिन्छ।

⇒ वर्ण र लेख्य चिह्नहरूलाई व्याकरणिक नियम ~~सह~~सङ्गत उपयुक्त तरिकाले प्रयोग गर्नु र शब्दकोष्य नियमलाई उचित तरिकाले पालना गर्नु भन्नेकुरालाई वर्ण विन्यासले जनाउछ।

⇒ वर्ण विन्यासमा: १) ह्रस्व, दीर्घ सम्बन्धि नियमका कुरा
२) 'स', 'श', 'ष' को प्रयोग
३) 'ब', 'व' को प्रयोग
४) य, ए
५) रि, ऋ
६) छ्य, क्ष
७) ङ, ञ, ण, न, म
८) (ँ), (ं)
९) हलन्त र अजन्तको
१०) पदयोग, पदवियोग
११) लेख्य चिन्हहरूको

ह्रस्व - उकार र इकार (अगाडि, बिच र पछाडि)

१) उपसर्ग लागेका शब्द (बि, सु, निर, दुर, नि, दुस, कु)

२. सबै धातुको अगाडि आउने उकार, इकार, तद्भव शब्द सबै ह्रस्व लेखिन्छ। जस्तै : तिन, बिस।

३) आगन्तुक (किताब, स्कुल, पुलिस)

४) अनुकरणात्मक शब्द पनि ह्रस्व लेखिन्छ।
जस्तै : मुसुक्क, भुसुक्क, टुलुटुलु, टिलिक्क, झिमिक्क।

५) थरमा आउने (घिमिरे) अगाडि आउने मात्र : सुवेदी, सुनार (पछाडि आएका सबै दीर्घ हुन्छन् थरमा)।

६) प्रत्ययहरूमा पनि ह्रस्व लेखिन्छ।

७) पुलिङ्ग शब्दहरूको इकार-उकार अन्तिममा पनि ह्रस्व लेखिन्छ।

८) अव्यय शब्दहरू। भोलि, अघि, पछि, फेरी

दीर्घ इकार र उकार

१) पेसा (सिकर्मी, ज्यामी)
२. थर (सुवेदी, पराजुली, राई)
३) जात र स्त्रीलिङ्गी शब्द (दिदी बहिनी)
छोरी, गाई, भैंसी। पछाडिको सबै दीर्घ हुन्छ।
४) भाषा, ठाउँ, नदी सबै दीर्घ (नेपाली, हिन्दी, मैथली, डोटी, धनगढी, गण्डकी, महाकाली, मेची, आज्ञा लिदा (खाऊँ, पढूँ)

* श, स, ष को प्रयोग

१) स तद्भव शब्दमा लेख्नुपर्छ।
जस्तै : पुस

२) आगन्तुकमा पनि 'स' (बदमास, भेसन, ब्रिटिस)

३) श र ज तत्सममा (शृङ्खला, आश्चर्य, श्लोक, शक्ति, शब्द, शैक्षिक, गणेश)

४) ष, षट् जोडिएको ठाउँमा र तत्सम शब्दमा ण र ठ ड ढ पछाडि आएका छन् भने (कृष्ण, बहिष्कार, पुष्प, वर्ष, अभिषेक)

* क्ष / क्षे / छे / छ्य / क्ष्य को प्रयोग

लक्ष्य ⇒ क्ष्य
क्षेत्री ⇒ क्षे
छेउ ⇒ छे
पछ्याउँदै ⇒ छ्य
क्षमता ⇒ क्ष

ऋषि ऋ तत्सममा मात्र हुने
बाँकी शब्दमा धेरैजसो 'रि' को प्रयोग

Scanned with CamScanner

• खुट्टा काटेको हलन्त
• खुट्टा नकाटेको अजन्त

* 'ब' र 'व' को प्रयोग

↳ 'ब' को प्रयोग
१. क्रियामुलहरूक : बोल्नु, बिक्नु, बस्नु, बिर्सनु
२. आगन्तुक र ठेट नेपाली शब्दहरूमा :- ब्याज, बहादुर, बकुल्ली
३. बि, बे, बाद उपसर्ग लागेका ठाउँहरूमा :-
बिचेत, बिजोर, बिकट, बेमतलब, बेकार, बेखुसी, बदनाम

↳ 'व' को प्रयोग
१. 'व' कै उच्चारण हुने ठाउँमा :- वकिल, वाल्ल, वाहियात, कौवा
२. आवट, उवा, वाला, वी, पार आदि प्रत्ययमा :- सजावट, अगुवा, गाडीवाला, गजवार
३. वि, अव आदि उपसर्गमा :- विज्ञान, विजय, अवधारणा, अवरोध
४. 'य' को अगाडि प्राय : तत्सम शब्दहरूमा :- व्याय, व्यक्ति, व्योम, व्यथा ।

* य/ए को प्रयोग

↳ य को प्रयोग :- यो, यति, जस्ता सर्वनाममा, योली, याँड जस्ता प्रत्ययमा
↳ छ/क्ष को प्रयोग :- क्रियापदहरूमा छ को प्रयोग : बस्छ, पढ्छ
तत्सम शब्दहरूमा क्ष को प्रयोग :- क्षमता, क्षति

ज्यँ / ज्ञ को प्रयोग

'ज्यँ' को प्रयोग
↳ ठेट नेपाली शब्दहरूमा (आगन्तुक शब्द) :- ग्याँस, ग्याँची

ज्ञ को प्रयोग
↳ तत्सम शब्दहरूमा :- ज्ञान, यज्ञ, विज्ञान

| पदयोग | पदवियोग |
|---|---|
| १. नामयोगी : उससँग / घरमाथि | १. बेग्लाबेग्लै पदवर्गहरू / कारक |
| २. विभक्ति : रामले, घानामा, | २. नामिक पदमा नामयोगी भएमा त्यसपछि आउने अर्को नामयोगी :- घरको, पछाडि |
| ३. समस्त शब्द : राजदरबार, कुरकुराचोर | |
| ४. द्विरुक्त शब्द : ससानो, घरघर | ३. संयोजक / निपातको न :- न राम न श्याम; तिमी पनि जाऊ न। |
| ५. अकरणको न : नखाऊ, जाँदैन | |
| ६. उपसर्ग र प्रत्यय : अमूल्य, रूपमती. | ४. सहायक क्रिया र मुख्य क्रिया :- पढ्दै छ, खाएको छ। |

Scanned with CamScanner

# विरामचिह्नहरू (लेख्य चिह्नहरू)

| | | |
|---|---|---|
| अल्पविराम | – | , |
| पूर्णविराम | – | । |
| प्रश्नवाचक | – | ? |
| उद्धरण | – | " " / ' ' |
| कोष्ठक | – | ( ) |
| योजक | – | - |
| निर्देशक | – | — / : / :- |
| विकल्पबोधक | – | / |
| थप चिह्न | – | ^ |

## * प्रत्यय :-

मूल शब्द र धातु पदको पछाडि आउने रूपलाई प्रत्यय भनिन्छ। प्रत्ययहरू नेपाली र संस्कृत गरी दुई प्रकारका छन्। मूल शब्दमा लाग्ने प्रत्ययलाई तद्धित प्रत्यय र धातुमा लाग्ने प्रत्ययलाई कृत प्रत्यय भनिन्छ।

### नेपाली प्रत्यय

| | | |
|---|---|---|
| अ | लेख् + अ = लेख | खोप् + अ = खोप |
| अक्कड | भुल + अक्कड = भुलक्कड | घुम् + अक्कड = घुमक्कड |
| अन | खट् + अन = खटन | जल् + अन = जलन |
| अन्ते | माग् + अन्ते = मगन्ते | उड् + अन्ते = उडन्ते |
| आइ | भन् + आइ = भनाइ | बस् + आइ = बसाइ |
| आउ | चुन् + आउ = चुनाउ | बहकि + आउ = बहकाउ |
| आलु | माया + आलु = मायालु | खप् + आलु = खपालु |
| आवट | बन् + आवट = बनावट | मिस् + वाट = मिसावट |
| आहा | मिच् + आहा = मिचाहा | पोल् + आहा = पोलाहा |
| इलो | कस् + इलो = कसिलो | पोस् + इलो = पोसिलो |
| ई | काट् + ई = कट्टी | छुट् + ई = छुट्टी |
| उवा | सर् + उवा = सरुवा | डुल् + उवा = डुलुवा |
| एको | सुन् + एको = सुनेको | जा + एको = गएको |
| ओट | छान् + ओट = छनोट | बन् + ओट = बनोट |
| औना | खेल् + औना = खेलौना | बिल् + औना = बिलौना |
| आली | हरियो + आली = हरियाली | लेक + आली = लेकाली |
| ली | गोरखा + ली = गोरखाली | बनेपा + ली = बनेपाली |
| ~~एको~~ / यौलो<br>औलो | सुन + औलो = सुनौलो | ठट् + यौलो = ठट्यौलो |

# उपसर्ग र प्रत्यय

## * उपसर्ग :-

शब्दको अगाडि जोडिन आउने रूप / पदलाई उपसर्ग भनिन्छ। उपसर्गहरू लागेपछि निर्मित शब्दको अर्थमा समेत फरक आउँछ। यस्ता उपसर्गहरू नेपाली र संस्कृत गरी दुई प्रकारका हुन्छन्।

### नेपाली उपसर्ग

| | | | | |
|---|---|---|---|---|
| बि | बि + रवर्ची | = बिरवर्ची | बि + जोग | = बिजोग |
| बे | बे + काम | = बेकाम | बे + ताल | = बेताल |
| कु | कु + कर्म | = कुकर्म | कु + जात | = कुजात |
| अ | अ + ज्ञान | = अज्ञान | अ + चेत | = अचेत |
| अन | अन + जान | = अनजान | अन + गिन्ती | = अनगिन्त |
| गैर | गैर + सरकारी | = गैरसरकारी | गैर + कानुन | = गैरकानु |

Scanned with CamScanner

# संस्कृत उपसर्ग

| | | |
|---|---|---|
| प्र | प्र+योग = प्रयोग | प्र + देश = प्रदेश |
| परा | परा+जय = पराजय | परा+पूर्व = परापूर्व |
| अप | अप + वाद = अपवाद | अप+ईक्षा = अपेक्षा |
| सम् | सम् + वाद = संवाद | सम् +आदर = सादर |
| अनु | अनु + छेद = अनुच्छेद | अनु + ईषण = अन्वेषण |
| अव | अव + लोकन = अवलोकन | अनु + मान = अनुमान |
| निस् | निस् + चय = निश्चय | निस् + पक्ष = निष्पक्ष |
| निर् | निर् + ईह = निरीह | निर् + आशा = निराशा |
| दुस् | दुस् + कर्म = दुष्कर्म | दुस् + कर्म = दुष्कर्म |
| दुर् | दुर् + आशा = दुराशा | दुर् + गम = दुर्गम |
| वि | वि + आपक = व्यापक | वि + ज्ञान = विज्ञान |
| नि | नि + आय = न्याय | नि + बन्ध = निबन्ध |
| अधि | अधि + आत्म = अध्यात्मा | अधि + अयन = अध्ययन |
| अति | अति + इत = अतीत | अति + रिक्त = अतिरिक्त |
| प्रति | प्रति + एक = प्रत्येक | प्रति + अक्ष = प्रत्यक्ष |
| परि | परि + अटन = पर्यटन | परि + चय = परिचय |
| सु | सु + उक्ति = सूक्ति | सु + मार्ग = सुमार्ग |
| उत् | उत् + चारण = उच्चारण | उत् + सर्ग = उत्सर्ग |

Scanned with CamScanner

| | | |
|---|---|---|
| नु | चल्+नु = चलनु | बस्+नु = बस्नु |
| इया | सहर+इया = सहरिया | खट+इया = खटिया |
| इयार | हट्+इयार = हटियार | सांध+इयार = सँधियार |
| आडी | गप्फ+आडी = गफाडी | खेल्+आडी = खेलाडी |
| एटो | खर+एटो = खरेटो | |
| एली | पुर्व+एली = पुर्वेली | जुन+एली = जुनेली |

## संस्कृत प्रत्यय

| | | |
|---|---|---|
| अक | पठ+अक = पाठक | लेख्+अक = लेखक |
| अन | दृश्+अन = दर्शन | श्रु+अन = श्रवण |
| इक / इका | समाज+इक = समाजिक | नै+इक = नायिका |
| इत | घृणा+इत = घृणित | हर्ष+इत = हर्षित |
| इय | राष्ट्र+इय = राष्ट्रिय | केन्द्र+इय = केन्द्रिय |
| ई | शास्त्र+ई = शास्त्री | योग+ई = योगी |
| ईन | कुल+ईन = कुलीन | प्राक्+ईन = प्राचीन |
| ईय | आत्म+ईय = आत्मीय | भारत+ईय = भारतीय |
| क | शत+क = शतक | दश+क = दशक |
| त | अन्त+त = अन्तत | स्व+त = स्वत |
| ता | वच्+ता = वक्ता | दृश्+ता = द्रष्टा |
| त्व | महत्+त्व = महत्व | अस्ति+त्व = अस्तित्व |
| तर | अधिक+तर = अधिकतर | श्रेष्ठ+तर = श्रेष्ठतर |
| तम | प्रिय+तम = प्रियतम | लघु+तम = लघुतम |
| मय | वक्+मय = वाङ्मय | जल+मय = जलमय |
| वान | चरित्र+वान् = चरित्रवान् | शक्ति+वान् = शक्तिवान् |
| य | दृश्+य = दृश्य | सुन्दर+य = सौन्दर्य |

Scanned with CamScanner

# शब्दवर्ग

अर्थपूर्ण भाषीक इकाइ शब्द हो।

दुई प्रकारका शब्द हुन्छन्।
- विकारी : रूप परिवर्तन हुने।
- अविकारी : रूप परीवर्तन नहुने।

१. नाम
- वाक्यमा 'को' र 'के' प्रश्नको उत्तर दिने।
- धातु + नु
- धातु + आइ
- धातु + आउ
- धातु + आई
- धातु + ई

  — यसरी शब्द निमार्ण हुदा नाम बन्दछ
- कारक को काम गर्छ।

२. सर्वनाम
- नामको सट्टामा प्रयोग हुने।
- सर्वनाम मा पनि विभक्ति वा नामयोगी लाग्न सक्छ।

म, हामी, ऊ, उनी, त्यो, यो, उहाँ, हजुर, ती, तिनी, यी, यिनी, जो, जे, जुन, को, के, कुन, कोही, सबै, अरू, यो, त्यस

## ३. विशेषण

- वाक्यमा नामसित कति, कस्तो, कत्ति, कुन आदि प्रश्न सोद्‌धा उत्तरमा रूपमा आउने।
- धातु + ने
- धातु + दो
- धातु + एको

  — यसरी शब्दनिमार्ण हुँदा विशेषण बन्छ।
- नाम वा सर्वनाममा को, का, की, रो, रा, री, नो, ना, नी आदि षष्ठी विभक्ति चिह्न जोडिँदा पनि विशेषण बन्छ।

## ४. क्रियापद

- धातुमा काल, पक्ष, भाव, वाच्य, वचन, लिङ्ग आदि बुझाउने प्रत्यय जोडेर क्रियापद निमार्ण गरिन्छ।
- वस्तुको अवस्था बताउने वा परिचय दिने।

## ५. क्रियायोगी / क्रियाविशेषण

- कामको समय, स्थान, प्रक्रिय, कारण, मात्रा, बुझाउने।
- क्रियापदसहित कहाँ, कहिले, कति, कति, कसरी ' प्रश्न गर्दा उत्तरका रूपमा आउने शब्द।
- धातु + न
- धातु + आ
- धातु + दै
- धातु + एर
- धातु + ई
- धातु + नाले

Scanned with CamScanner

Date
Page

- धातु + काले
- शब्दमा 'अरी, तरी, पूर्वक' जोडिएर आउने शब्द
- सबै अनुकरणात्मक शब्द
- विशेषणको पनि विशेषण बनेर आउने प्रविशेषण शब्द

६. नामयोगी

- नाम, सर्वनाम आदिसित पछाडितिर जोडिएर समय, कारण, स्थान, तुलना आदि बुझाउने।
- नाम, सर्वनाम आदिसित पछाडितिर विभक्ति वा नामयोगी जोडिएर आएका छन् भने नामयोगी छुट्टै पनि हुन्छन्।

७. संयोजक

- शब्द वा उपवाक्यहरू जोड्न आउने शब्द संयोजक हुन्छन्।

> तिमी र म सँगै जाऔँ अनि बुबालाई भेटौँ।

- जोडीका रूपमा आएका शब्दहरू पनि संयोजक हुन सक्छन्।

> जहाँ कुहिरो लाग्छ, त्यहाँ बाटो स्पष्ट हुँदैन।

८. निपात

> शब्दमा प्रभाव पार्ने वा वाक्यमा विशेष भाव उत्पन्न गर्ने तर आफ्नो खास अर्थ नभएका। > त, नै, हैन, अँ, अरे, ल आदि

Scanned with CamScanner

९. बिस्मयादिबोधक

- पीडा, खुसी आश्चर्य, हिन आदि बुझाउने।
- आम्मै!, नाइँ! कठै! कुनै! लुजा!, हुर्रे! आदि

# द्वित्व

आधार शब्द दोहोरिएर शब्द बन्ने प्रकियालाई द्वित्व भनिन्छ। द्वित्वमा, पुरै शब्द दोहोरिनेलाई पूर्ण द्वित्व भनिन्छ। केहि अंश मात्र दोहोरिने आंशिक द्वित्व र ध्वनिमा परिवर्तन भएर अर्को वर्ण आई शब्द बन्ने आपरिवर्तित द्वित्व गरि तिन प्रकारका द्वित्व छन्।

## पूर्ण द्वित्व :-

आधार शब्द पुरै दोहोरिएर नयाँ शब्द बन्ने प्रकियालाई पूर्ण द्वित्व भनिन्छ।

| आधार शब्द दोहोरिएको अंश | | पूर्ण द्वित्व |
|---|---|---|
| खेत + खेत | = | खेतखेत |
| साना + साना | = | सानासाना |
| आफ्ना + आफ्ना | = | आआफ्ना |

Scanned with CamScanner

## आंशिक द्वित्व :-

आधार शब्दको कुनै अंश मात्र दोहोरिएर कुनै नयाँ शब्द बन्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ।

| आधार पद | | दोहोरिएको शब्द | | द्वित्व शब्द |
|---|---|---|---|---|
| झगडा | + | झैं | = | झैंझगडा |
| साना | + | स | = | ससाना |
| झल्को | + | झ | = | झझल्को |
| सापट | + | सर् | = | सर्सापट |

## आपरिवर्तित द्वित्व :-

आधार शब्द दोहोरिंदा शब्दको ध्वनि परिवर्तन भएर नयाँ शब्द बन्ने प्रक्रियालाई आपरिवर्तित द्वित्व भनिन्छ।

| आधार शब्द | | दोहोरिएको शब्द | | द्वित्व शब्द |
|---|---|---|---|---|
| हार | + | सर | = | हारसर |
| लुगा | + | सुगा | = | लुगासुगा |
| कलम | + | सलम | = | कलमसलम |
| काट | + | कुट (काट) | = | काटकुट |
| केर | + | कार | = | केरकार |
| टिपन् | + | टापन् | = | टिपन्टापन् |
| ऐँचो | + | पैँचो | = | ऐँचोपैँचो |

Scanned with CamScanner

मंगल :२ .

Date
Page

तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द निमार्ण गर्नुहोस् :

उपसर्ग

प्र = प्र + योग = प्रयोग
अव = अव + लोकन = अवलोकन
अधि = अधि + करण = अधिकरण
बि = बि + खर्ची = बिखर्ची
अनु = अनु + शासन = अनुशासन

प्रत्यय

ले = गाउँ + ले = गाउँले
आहा = रिस + आहा = रिसाहा
त्व = महत् + त्व = महत्व
वान् = चरित्र + वान् = चरित्रवान्
इक = समाज + इक = सामाजिक

तल दिइएका शब्दको आधार पद छुट्याउनुहोस् :

मन्तव्य = मत + तव्य
मिठाई = मिठो + आइ
पीडित = पीडा + इत
अत्याचार = अति + आचार
माइतालु = माइत + आलु
शौर्य = शुर + य
आधिक्य = अधिक + य

Scanned with CamScanner

# सन्धि

* शब्दमा भएका स्वर, व्यञ्जन वर्णलाई गासेर / जोडेर एउटै शब्द बनाउनेलाई सन्धि भनिन्छ। सन्धिमा उपसर्ग, प्रत्यय, समास पनि पर्दछन्। सन्धि तिन प्रकारका हुन्छन्।

१. स्वर सन्धि
२. व्यञ्जन सन्धि
३. विसर्ग सन्धि

१. स्वर सन्धि :-

स्वर वर्णसँग स्वर वर्ण नै मिलेर बनेको सन्धि। यसका ५ भेद छन्।

१). दीर्घ सन्धि
२) गुण सन्धि
३) वृद्धि सन्धि
४). यण् सन्धि
५). अयादि सन्धि

Scanned with CamScanner

२. व्यञ्जन सन्धि :-

व्यञ्जन वर्णसँग स्वर वा व्यञ्जन वर्ण मिलेर बनेको सन्धि।

जस्तै : सत् + जन = सज्जन
उत् + ज्वल = उज्जवल
परि + छेद = परिच्छेद
वि + छेद = विच्छेद

३. विसर्ग सन्धि :-

विसर्ग सँग स्वर अथवा व्यञ्जन वर्ण मिलेर बनेको सन्धि।

जस्तै : निः + रोग = निरोग
नमः + कार = नमस्कार
दुः + कर्म = दुष्कर्म
आविः + कार = आविष्कार

Scanned with CamScanner

# कारक र विभक्ति

* कारक
क्रियापदसित सिधा सम्बन्ध भएका नाम र सर्वनाम कारक हुन् । वाक्यमा गर्ने वा कामका आधारमा कारक, कर्ता, कर्म, करक, सम्प्रादान, अपादान र अधिकरण गरी ६ प्रकारक हुन्छन्।

* विभक्ति
आफ्नो स्वतन्त्र अर्थ नहुने नाम, सर्वनाम, विशेषण तथा क्रियाविशेषण संग जोडिएर आउने पदलाई विभक्ति भनिन्छ। यस्ता विभक्तिहरू प्रथमा देखी सप्तमी सम्म सात प्रकारका हुन्छन्।

| कारक | विभक्ति | चिह्नहरू |
|---|---|---|
| कर्ता | प्रथमा | ले, बाट |
| कर्म | द्वितीया | लाई |
| करण | तृतीया | ले, बाट, द्वारा |
| सम्प्रदान | चतुर्थी | लागि, लाई, निम्ति |
| अपादान | पञ्चमी | देखि, देखिन, बाट |
| सम्बन्ध | षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी |
| अधिकरण | सप्तमी | मा, माथि |

- कर्ता कारक

वाक्यमा काम गर्ने नामिक शब्दलाई कर्ता कारक भनिन्छ। यसले ले / बाट जस्ता प्रथमा विभक्तिका चिह्नहरू लाग्दछ।

जस्तै: रामले पाठ पढ्यो।

स्कुलबाट आज बिदा दिने निर्णय भयो।

- कर्म कारक

वाक्यमा कामको परिणाम भोग्ने वा असर पर्ने नामिक शब्दलाई कर्म कारक भनिन्छ। यसमा द्वितीया विभक्तिको चिह्न 'लाई' लाग्दछ।

जस्तै : किरण सीमालाई हेर्छ।

गीता रमालाई सिकाउँछे।

- करण कारक

वाक्यमा काम गर्न प्रयोग गरिने साधन, कारण वा प्रयोजन बुझाउन आउने नामिक शब्दलाई करण कारक भनिन्छ। यसमा ले, बाट, द्वारा जस्ता तृतीय विभक्ति चिह्नहरू लाग्दछ।

जस्तै : उसले रमेशद्वारा काम बनायो।

आमा चम्चाले दुध खुवाउनुभयो।

- सम्प्रदान कारक

वाक्यमा क्रियाले गर्ने कामको लक्ष्य वा काम गराइको प्रयोजन बनी आउने नामिक शब्दलाई सम्प्रदान कारक भनिन्छ। यसमा लागि, लाई, निम्ति जस्ता चतुर्थी विभक्ति चिह्नहरू लाग्दछ।

जस्तै : बुबाले भाइलाई कपडा ल्याउनुभयो।

कमलाले माग्नेका निम्ति चामल ल्याइन।

Scanned with CamScanner

Date
Page

- अपादान कारक
वाक्यमा सुरु हुने समय, छुट्टिने ठाउँ वा वस्तुको स्रोत बनेर प्रयोग गरिने शब्द अपादान कारक हो। यसमा, देखि, बाट जस्ता पञ्चमी विभक्तिका चिन्हहरु लाग्दछन्।
जस्तै : आइतबारदेखि घाम लागेको छ।
ऊ काठमाण्डौंबाट आइपुग्यो।

- अधिकरण कारक
वाक्यमा हुने कामको ठाउँ, समय वा विषयको आधार देखाउने नामिक शब्दलाई अधिकरण भनिन्छ। यसमा मा, माथि जस्ता सप्तमी विभक्तिका चिह्नहरू लाग्दछन्
जस्तै : चरो रुखमा बसेको छ।
जीवन रातमा आँखा देख्दैन।

Scanned with CamScanner